# **प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधनः** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ (यसपछि **मूल ऐन** भनिएको) को दफा ७९ पछि देहायको दफा ७९क. थपिएको छ :-

**"७९क. शपथ ग्रहण** : आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची-२ बमोजिमको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।"

३. **मूल ऐनको अनुसूची-१ पछि देहायको अनुसूची-२ थपिएको छ :-**

अनुसूची-२

(दफा ७९क. सँग सम्बन्धित)

**शपथ**

म.............................................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश लोक सेवा आयोग .............................. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति : .............................

दस्तखत : .........................

नाम, थर : ........................

प्रदेश सभाको सम्बत् २०७७ चैत्र १२ गते बिहीबारका दिन बसेको सातौं अधिवेशनको १३ औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

.............................

माननीय अर्जुन बहादुर थापा

सभामुख

सुदूरपश्चिम प्रदेश

मिति :- २०७७-१२-१२

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति :-.........................   माननीय सर्मीला कुमारी पन्त

प्रदेश प्रमुख